सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक

# शुभम सन्देश

Shubham Sandesh

National DAILY दैनिक

वर्ष : ५ अंक : २० २०७९ साल, असोज २९ गते शनिबार, Saturday 15 Oct, 2022 मूल्य रु. ५/- पृष्ठ : ४

## कांग्रेस नेतृ रायमाझीले गरिन् उम्मेदवारी फिर्ताको घोषणा



बारा, २८ असोज ।

प्रदेशसभातर्फ बारा क्षेत्र नम्बर ४ (क) बाट स्वतन्त्र उम्मेदवारी दिएकी नारायणी रायमाझी (निरु) ले उम्मेदवारी फिर्ताको घोषणा गरेकी छन् । उनले शुक्रबार पत्रकार सम्मेलन गर्दै कानुनी रुपमा आफनो उम्मेदवारी कायम रहे पनि नैतिक रुपमा उम्मेदवारी फिर्ता लिएको जनाएकी हुन् ।

उनले आसन्न निर्वाचनमा आफूले सत्ता गठबन्धनका उम्मेदवारलाई सहयोग गर्ने पनि प्रस्ट पारिन् । नेपाली कांग्रेसले प्रतिगमनलाई परास्त गर्न बनाएको वाम लोकतान्त्रिक गठबन्धनमा देशभरमै भएको सिट बाँडफाँट गर्ने क्रममा लामो समयदेखि पार्टीभित्र क्रियाशील आफूले टिकट नपाउँदा दुःख लागेको तर पार्टीका सभापतिसहित वाम लोकतान्त्रिक गठबन्धनका नेता कार्यकर्ता र शुभेच्छुकले गरेको आग्रहअनुसार उम्मेदवारी फिर्ता लिएको उनले जनाइन् ।

'मप्रति बाराका जनताले देखाउनु भएको स्नेह, साथ र सहयोगप्रति हार्दिक आभार प्रकट गर्दै बारा क्षेत्र नम्बर ४ मा संघ र प्रदेशसभा सदस्यतर्फका वाम लोकतान्त्रिक गठबन्धनका साझा उम्मेदवारहरुलाई जिताउन लागिपर्ने प्रतिवद्धतासमेत व्यक्त गर्दछु,' उनले पत्रकार सम्मेलनमा वितरण गरेको विज्ञप्तिमा भनिएको छ । (साभार–रातोपाटी)

## कुनैपनि अवस्थामा पछि नहट्ने, त्यसको लागि गोली खान तयार रहेको–उम्मेदवार पटेल

रौतहट, २८ असोज ।

सत्तारुढ गठबन्धनको तर्फबाट नेकपा माओवादीको भागमा परेको रौतहट ३ नम्वर क्षेत्रको सीटमा धिरज पटेलले उम्मेदवारी दिई प्रचारप्रसारमा लागिसेको अवस्थामा कसैको दवाव र प्रभावमा मेरो उम्मेदवारी फिर्ता नहुने बरु मलाई गोली हानेर हत्या गरेपछि मात्रै सम्भव रहेको उनले बताएका छन् ।


सत्ता गठबन्धनबाट नेकपा माओवादी केन्द्रको रौतहट ३ नम्बर क्षेत्रका उम्मेदवार धिरज पटेलले आफ्नो उम्मेदवारी कायम र हल्लाको पछि नलाग्न मतदाताहरु संग आग्रह गरेका हुन् । उम्मेदवार पटेलले आफ्नो क्षेत्रमा नेकपा एमालेबाट बाहिरिएर



स्वतन्त्र उम्मेदवारी दिएका प्रभु साहलाई माओवादीले समर्थन गर्ने

(बाँकी तेश्रो पेजमा)

## बारामा सत्ता गठबन्धन दलका भातृसंगठनद्वारा एक भएर जाने निर्णय




बारा, २८ असोज ।

आसन्न प्रतिनिधि तथा प्रदेशसभा सदस्य निर्वाचनका लागि सत्ता गठबन्धन दलका भातृ संगठनहरुले एक भएर जाने निर्णय गरेका छन् । विहिबार एक विज्ञप्ती जारी गर्दै सत्ता गठबन्धन दलका भातृ संगठनहरु नेपाल तरुण दल बारा, युवा संघ नेपाल, वाईसिएल नेपाल र लोकतान्त्रिक युवा संघ नेपाल बाराले निर्वाचनमा एक भएर जाने र आफना उम्मेदवारहरूलाई विजयी बनाउने निर्णय गरेको हो । 'सत्ता गठबन्धनको सहमती भए अनुसार कांग्रेस,माओवादी केन्द्र, नेकपा एस र लोसपाका उम्मेदवारहरुलाई जिताउने अभियान अर्न्तगत गठबन्धनमा रहेका भातृ संगठनको जिल्ला अध्यक्षहरु एक भएर जाने र युवा परिचालन गर्ने निर्णय गरियो' विज्ञप्तीमा उल्लेख गरिएको छ ।

सो विज्ञप्तीमा नेपाल तरुण दलका बारा जिल्ला अध्यक्ष दिपेन्द्र पटेल,युवा संघ नेपालका आर के भट्टराई,वाईसिएल नेपाल शुभ नारायण पटेल र लोकतान्त्रिक युवा संघ नेपालका साविर आलमले संयुक्त हस्ताक्षर गरेका छन् । (साभार–रातोपाटी)

## पत्रकार निष्कासन गर्न खोजिएपछि रासस व्यवस्थापनविरुद्ध धर्ना

काठमाण्डौ, २८ असोज ।

वर्षौंदेखि राष्ट्रिय समाचार समिति (रासस) मा कार्यरत २२ जना श्रमजीवी पत्रकारको रोजगारी खोस्न लागेपछि त्यसको विरोधमा नेपाल पत्रकार महासंघलगायत पेशागत संघसंगठनले शुक्रवार रासस केन्द्रीय कार्यालयमा धर्ना दिएका छन् । पत्रकारलाई निष्कासन नै गर्नेगरी श्रमजीवी पत्रकारविरुद्ध रासस व्यवस्थापनले कदम चालेपछि राससका अस्थायी/ करार/ ज्यालादारी पत्रकार संघर्ष समितिको आयोजना तथा नेपाल पत्रकार महासंघलगायत पेशागत संघ संगठनका प्रतिनिधिहरूको सहभागितामा राससमा धर्ना दिइएको हो ।

धर्नापछि आयोजित विरोध सभालाई सम्बोधन गर्दै नेपाल पत्रकार महासंघका महासचिव रोशन पुरीले पत्रकारविरुद्धका कदम तत्काल




सच्चाउन रासस व्यवस्थापनलाई चेतावनी दिए । उनले छिट्टै बैठक बसेर महासंघकै नेतृत्वमा आन्दोलनको नयाँ कार्यक्रम घोषणा गरिने र कुनै पनि हालतमा श्रमजीवीको मुद्दा स्थापित गरेरै छाड्ने स्पष्ट पारे । महासचिव पुरीले महासंघका पुर्वअध्यक्ष धर्मेन्द्र झाले नै श्रमजीवी पत्रकारलाई हटाउने कार्य गर्नु अनुचित भएकाले तत्काल २२ जना पत्रकारको नवीकरण गर्न माग गरे ।

श्रमजीवी–पत्रकार संघ, नेपालका अध्यक्ष जन्मदेव जैसीले नियत खराब राखेर व्यवस्थापन पक्षले श्रमजीवी पत्रकारलाई हटाउन खोजेको स्पष्ट नियत देखिएको बताए । नेपाल

(बाँकी तेश्रो पेजमा)

* सार्वजनिक सम्पत्ति अतिक्रमण नगरौं ।
* कर तिर्नु सबै नागरिकको कर्तव्य हो भने सेवा प्राप्त गर्नु अधिकार हो ।
* बेटी पढाऔं बेटी बचाऔं ।
* हाम्रो गाउँपालिका हामी सबै मिलेर सबल, सक्षम र सशक्त बनाऔं ।
* सधैं चर्पीको प्रयोग गरौं र खुल्ला रुपमा सौच नगरौं ।
* आफ्ना गाउँघर सफा र स्वच्छ राखौं ।
* सेवा सुविधा प्राप्तिका लागि समयमै सम्पूर्ण तिर्नु पर्ने कर अनिवार्य चुक्ता गरौं ।

फेटा गाउँपालिका
फेटा (बारा)

## एमालेको रौतहट जिल्ला कमिटी विघटन, प्रभु साह निष्कासित



काठमाण्डौ, २८ असोज ।

नेकपा एमालेले रौतहट जिल्ला कमिटी विघटन गरेको छ । एमालेको मधेश प्रदेश कमिटीका अध्यक्ष रामऔतार यादवले शुक्रबार एक विज्ञप्ति जारी गरी जिल्ला कमिटी अध्यक्ष त्रिभुवन साह लगायतका केही व्यक्तिहरु

(बाँकी तेश्रो पेजमा)

## दुई बर्षमा नेपाल मेडिकल काउन्सिलद्वारा गऱ्यो १७ चिकित्सकलाई कारबाही, ६६ जनाविरुद्ध उजुरी

काठमाण्डौ, २८ असोज ।

बिरामीको उपचारमा त्रुटि गरेको ठहर गर्दै नेपाल मेडिकल काउन्सिलले पछिल्ला दुई वर्षमा १७ जना चिकित्सकलाई कारबाही गरेको छ । मेडिकल काउन्सिलको तथ्यांक अनुसार पछिल्ला दुई वर्षमा ६६ जनाविरुद्ध उजुरी परेको थियो । काउसिन्लका रजिष्ट्रार डा. कृष्ण प्रसाद अधिकारीका अनुसार अझै छानबिनमा क्रममा ४४ वटा उजुरीहरु छन् । 'सबै चिकित्सकको उपचार सम्बन्धी काउन्सिलमा उजुरी परेका आधारमा १७ चिकित्सकलाई कारबाही गरिएको छ,' अधिकारीले भने, 'छानबिनको क्रममा ४४ वटा उजुरी बाँकी छन् ।'

उजुरी परेका ५ केसहरु काउन्सिलले कारबाही गरिरहनु नपर्ने ठहर गरेको छ ।

काउन्सिलका रजिष्ट्रार अधिकारीका अनुसार आर्थिक वर्ष २०७८/०७९ मा काउन्सिलमा ४६ वटा उजुरी थियो । यस्तै, काउन्सिलमा चालु आर्थिक वर्ष अर्थात आव २०७९/८० मा २० वटा उजुरी परेको थियो । उनका अनुसार कारबाही गरिएका चिकित्सकलाई उपचारमा भएको त्रुटिका आधारमा एक वर्षसम्म खास सेवा प्रदान गर्न रोकदेखि तीन महिनासम्म निलम्बन गरिएको छ । 'काउन्सिलमा पर्ने उजुरी चिकित्सकको गम्भीर लापरवाही तथा बिरामीलाई राम्रोसँग नहेरिएको भन्ने लगायतका विषयवस्तु हुने गर्छन् । त्यसमा उजुरीकर्ताले डाक्टरमाथि कारवाही र क्षतिपूर्तिको कुरा उल्लेख गरिएको हुन्छ,' डा. अधिकारीले भने, 'उजुरी परेपछि विषय वस्तुको अध्ययन गरी ऐन,नियमको आधारमा कारबाही हुन्छ ।' डाक्टरले जान्दाजान्दै आर्थिक प्रलोभन वा दबाबमा परेर आँखा नदेख्ने र खुट्टा सुकेका बिरामीलाई समेत निरोगिताको प्रमाणपत्र दिलाएको, नक्कली डाक्टर भएर काम गरेको, छोरा जन्माइदिने भन्दै बिरामीको भावनामा खेलबाड गर्दै अनावश्यक औषधि चलाएको जस्ता उजुरीहरु बढि पर्ने गरेको काउन्सिलले जनाएको छ । क्लिनिक देखि ठूला अस्पताल, सरकारी गैरसरकारी र निजी क्षेत्रका नयाँ देखि पुराना अस्पताल सबैमा कार्यरत चिकित्सकविरुद्ध उजुरी परेको डा. अधिकारीले बताए । स्वास्थ्य क्षेत्रमा भएको प्रविधिको विकास,

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
शुभम सन्देश
DAILY दैनिक
Saturday 15 Oct. 2022

प्रकाशक : रामबाबु प्रसाद मेहता
प्रधान सम्पादक : अजय कुमार
सम्पादक : सरोज कुमार सिंह
समाचार सम्पादक : तिवारी यादव
प्रबन्धक : मुकेश कुमार महतो
कानुनी सल्लाहकारः परमहंस केशरी
अधिवक्ता : राजेन्द्र कुशवाहा
मुद्रक : बारा प्रिन्टीङ्ग प्रेस, कलैया उमनपा-४, बारा
ईमेल : subhamsandeshdaily@gmail.com
सम्पर्क नम्बर : ९८४५२१७३२९, ९८४५०४५५५२, ०५३५२१४९७
प्रधान कार्यालय : सिम्रौनगढ नपा ६, बारा
सम्पर्क कार्यालय : कलैया उमनपा १ (मोतिवाग), बारा

# निर्वाचन आयोगले सञ्चार माध्यमको पनि निगरानी गर्ने



काठमाण्डौ, २८ असोज ।

निर्वाचन आयोगले प्रदेश र प्रतिनिधिसभा सदस्य निर्वाचनको सन्दर्भमा सञ्चारमाध्यमको निगरानी गर्ने भएको छ । आन्तरिक प्रयोजनका लागि निगरानी गर्ने आयोगको निर्णय छ । तर, निगरानीका क्रममा संचारमाध्यमले निर्वाचन आचारसंहिता उल्लंघन गरेको पाइएमा प्रचलित कानून बमोजिम गर्न कारवाही गर्न र कारबाही गरिएको जानकारी आयोगलाई गराउन प्रेस काउन्सिल नेपाललाई निर्देशन दिने पनि आयोगको निर्णय छ । आयोगले सुरक्षाका प्रतिनिधिलाई समेत राखेर 'प्रेस अफिस' स्थापना गरेको छ। 'प्रेस अफिस' स्थापनाबारे आयोगले भनेको छ, 'निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ बमोजिम जारी गरिएको निर्वाचन आचारसंहिता, २०७९ को कार्यान्वयन गर्न सोही ऐनको दफा २३ बमोजिम आयोगले विज्ञहरु समेत रहेको संयन्त्र निर्माण गर्न सक्ने प्रावधान रहेको छ ।' आयोगका अधिकारीहरुका अनुसार प्रेस अफिसले संचारमाध्यममा प्रकाशित तथा सामाजिक संजालबाट प्रवाह हुने सूचना, प्रचार र अभिव्यक्ति जाँचबुझ तथा अनुगमन गर्नेछ । अनुगमन गर्न काउन्सिललाई पनि आग्रह गरिएको छ ।

निर्वाचन आयोगले सञ्चारमाध्यमबाट सम्प्रशित सामाग्रीहरुको अनुगमन गर्न प्रेस काउन्सिल नेपाललाई पनि आग्रह गरेको छ। आयोगको शुक्रबार बसेको बैठकले निर्वाचन आचारसंहिता पालना भए/नभएकोबारे नियमित अनुगमन गर्न प्रेस काउन्सिल नेपाललाई लेखी पठाउने निर्णय गरेको हो । सञ्चारमाध्यमको अनुगमनको क्षेत्राधिकार प्रेस काउन्सिलभित्र पर्ने विषय भएको उल्लेख गर्दै आयोगको निर्णयमा भनिएको छ, ''सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रशारण हुने सामग्री निर्वाचन आचारसंहिता, २०७९ र पत्रकार आचारसंहिता, २०७३ अनुरुप भए/नभएको नियमित रुपमा अनुगमन गर्न प्रेस काउन्सिल नेपाललाई लेखी पठाउने ।' आयोगले प्रेस प्रत्येक सञ्चारमाध्यमलाई स्वनियमनसम्बन्धी कार्यविधि बनाइ लागु गर्न आह्वान गर्ने निर्णय पनि गरेको छ। (साभार–अनलाइनखबर)

# महोत्तरीका एक सय ४३ मतदानस्थल अतिसंवेदनशील

महोत्तरी, २८ असोज । रासस

आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनसँग सम्बन्धित सुरक्षा व्यवस्था सुदृढ बनाइँदै लगिएको छ । भारतसँग खुला सीमा जोडिएको अवस्थालाई दृष्टिगत गरी एक सय ४३ मतदान स्थललाई अतिसंवेदनशील र एक सय १४ संवेदनशील घोषित गरिएको छ ।

निर्वाचनलाई मध्यनजर गर्दै यसको आवरण/निहुँमा हुनसक्ने सम्भावित अवाञ्छित घुसपैठ निस्तेज गर्न सुरक्षा प्रबन्ध सुदृढ गरिँदै लगिएको जिल्लाका मुख्य प्रशासक प्रमुख जिल्ला अधिकारी दीपक पहाडीले बताए । 'जिल्ला प्रशासन अहिलेदेखि नै निर्वाचन सम्बद्ध सुरक्षा प्रबन्धमा जुटेको छ, उनले भने, "निर्वाचन सुरक्षा प्रबन्धका लागि अहिलेदेखि नै एक हजार पाँच सय नेपाल प्रहरी र दुई हजार आठ सय म्यादी प्रहरी परिचालित भइसकेका छन् ।' यसबाहेक सशस्त्र प्रहरी र नेपाली सेना पनि निर्वाचन सुरक्षामा आवश्यकतानुसार परिचालित गरिने छ ।

चार प्रतिनिधिसभा र आठ प्रदेशसभा क्षेत्र रहेको जिल्लामा निर्वाचनका लागि दुई सय ५८ मतदानस्थल र चार सय ९९ मतदान केन्द्र निर्धारण गरिएका छन् । जिल्लाका सबै मतदान स्थलको वस्तुस्थिति बुझी राख्न सुरक्षा निकायसहितको अनुगमन निरन्तर जारी राखिएको छ । 'हामी (जिल्ला प्रशासन, नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेना) निरन्तर सबै मतदान केन्द्रको सुरक्षा अवस्था र सम्भावित चुनौतीबारे सचेत छौं', प्रजिअ पहाडी भन्छन्, 'करिब ३९ किलोमिटर भारतीय सीमासँग जोडिएको हुँदा जिल्लासँग जोडिएका भारतीय जिल्ला मधुवनी र सीतामढीका सुरक्षा अधिकारीसँग पनि सीमा सुरक्षाबारे निरन्तर संवादमा छौं ।'

यो अवस्थालाई मध्यनजर गर्दै अहिलेदेखि नै आवश्यक प्रबन्धमा जुटेको जिल्ला सुरक्षा समितिका अध्यक्षसमेत रहेका प्रजिअ पहाडीको भनाइ छ । जिल्लाको भौगोलिक अवस्थिति, सामाजिक परिवेश, आपराधिक गतिविधिलगायतका आधारमा मतदानस्थल र मतदान केन्द्रलाई तीन तह (अतिसंवेदनशील, संवेदनशील र सामान्य)मा वर्गीकरण गरी सोहीअनुरुप सुरक्षा व्यवस्था प्रबन्ध गरिएको जिल्ला सुरक्षा समितिले जनाएको छ ।

निर्वाचन तयारीसँगै जिल्ला सुरक्षा समितिले योजनाबद्ध जनसम्पर्क बढाएको जनाएको छ । आम जनतासँगको प्रत्यक्ष साक्षात्कारबाट सुरक्षा अवस्थाबारे थप जानकारी प्राप्त हुँदै गएको र आम जनतामा पनि सुरक्षा व्यवस्थाबारे विश्वास बढेको पाइएको छ। निर्वाचन लक्षित सुरक्षा व्यवस्थाअनुसार सशस्त्र प्रहरी, नेपाल प्रहरी र नेपाली सेना सम्मिलित तीन

(बाँकी तेश्रो पेजमा)

# अष्टावक्र दृष्टिको सुरुवात अष्टावक्रबाटै

डा. कमल ढकाल

— *'सिमेन्टेड माइन्डसेट' भएका पुराना पुस्तालाई बेवास्ता गरेर नयाँ पुस्तलाई आलोचनात्मक चेतसहितको वस्तुनिष्ठ दृष्टिकोण निर्माण गर्न सघाउनुपर्छ । उनीहरूले नै कुनैदिन पुरानो पुस्तालाई यथोचित बिदाइ गर्नेछन् ।*

**पौराणिक पात्र अष्टावक्र**

म कुनै लेखक वा अनुभवी पत्रकार होइन, जसले शब्दहरूलाई तुलोमा जोखी–जोखी शब्दकै व्यापार गर्न सक्छन् । तर पनि यसअघिका लेखहरूमा मैले जानी नजानी आफ्नो जीवनका अनुभव र आफूले जानेका वा रहर भएका तर आम मानिसलाई खासै चासो नभएका विषयमा कलम चलाएँ । सामान्यतः नलेखिने विज्ञान, दर्शन र अध्यात्म सम्बन्धी केही लेखें । आफ्नो मस्तिष्कमा चलेको हुटहुटी र मनमा चलेको छटपटीलाई शब्दमा आकार दिन प्रयास गरें ।

आमा उपन्यास लेखेर साहित्यमा नोबेल पुरस्कार समेत पाएका रसियन लेखक म्याक्सिम गोर्कीको निबन्ध 'मैले कसरी लेख्न सिकें' ले उत्प्रेरकको काम भने गरेको छ ।

मलाई विश्वास छ– सानो संख्यामा रामायणको उत्तरकाण्ड वा महाभारतको भीष्म पर्व बुझ्न खोज्ने मुमुक्षुहरूका लागि केही रुचि भए पनि उपलब्धिमूलक हुनेछ । भोट हाल्दा छाप कहिल्यै नफेर्ने तर देश फेरिएन भनेर सामाजिक सञ्जालतिर राजनीतिक पार्टीका नेतालाई अर्ति–उपदेश दिँदै हिंड्ने मेरा क्रान्तिकारी विद्वान मित्रहरू पनि छन् । उनीहरूका लागि त मेरा लेख रोजा लक्जेमबर्गको विचार जस्तै नै लाग्न सक्ला जसले कम्युनिस्ट भएर पनि सधैं क्रान्तिको नाममा गरिने युद्धको विरोध गरिरहिन् ।

व्यस्त समयको बावजुद पनि मैले आफूले जानेका ज्ञान वा अझ नढाँटी भन्दा किताबप्रतिको मेरो मोह हुनाले आफूले पढेका विश्वभरि चर्चित पुस्तकहरूको सारसंक्षेप नेपाली पाठकसामु पस्कनेछु । यसबाट विश्वबजारमा पहुँच नभएका कैयौं नेपाली पाठक लाभान्वित हुनेछन् जसले भाषाको सीमितताले रहर हुँदाहुँदै पनि पढ्न पाउनुभएको छैन । तिनै पाठकप्रति मेरो मिहिनेत समर्पित गर्न चाहन्छु । भाग्य वा संयोगले यी दुवैमा मेरो पहुँच छ ।

यही पृष्ठभूमिमा मैले 'अष्टावक्र दृष्टि' स्तम्भ सुरु गर्दैछु । स्तम्भमा केही व्यक्तिगत विचार र अनुभूति पनि अलि अनौपचारिक तरिकाले लेख्न पाइन्छ भन्ने मात्र सुनेको छु । कुनै बेला मानिस सूचना नपाएर पछि पर्थे । अहिले सूचना बढी भएर र मिथ्या समाचारको बाढीले बगाउने अवस्था छ । मिथ्य समाचार यति सशक्त बनिरहेको छ कि संसारका ठूला–ठूला सञ्चारमाध्यमहरू पनि यसलाई चिर्न असमर्थ भइरहेका छन् ।

सन् १०१८ मा अमेरिकी राष्ट्रपतिको निर्वाचनमा रसियाले फेसबुक र ट्वीटरबाट मिथ्या समाचार प्रसारण गरेकोले चुनावी नतिजा पनि तल–माथि परेको निष्कर्ष अमेरिकी खुफिया संस्थाहरूले निकाले । भर्खरै सार्वजनिक एक नतिजा अनुसार ८० प्रतिशत अमेरिकन युवाहरूले फेक न्यूज हेर्छन् र ४० प्रतिशतले फेक न्यूज शेयर गर्छन् ।

यो तथ्यांक लगभग सबै देशसँग मिल्दोजुल्दो छ । फेक न्यूजलाई पूरै निस्तेज पार्न त सम्भव छैन तर, समाचार पढ्दा वा कुनै लिंक सामाजिक सञ्जालमा शेयर गर्दा तथ्य–सत्य हो कि होइन र यो कुनै आधिकारिक व्यक्ति वा संस्थाको हो कि होइन भनेर जाँच गर्नुपर्ने अवस्थामा हामी पुगेका छौं । के हो अष्टावक्र दृष्टि ?

अष्टावक्र दृष्टिले कुनै पनि विषयभित्र अन्तर्निहित सत्यलाई देख्न सक्छ । साधारणतया सत्य दुई प्रकारका हुन्छन्– सतही र अन्तर्निहित । सतहीलाई व्यावहारिक सत्य पनि भनिन्छ भने अन्तर्निहितलाई परमार्थिक सत्य ।

जस्तो कि हरेक बिहान सूर्य उदाउँछ । सतहमा यो सत्य देखिन्छ र यसबाट हाम्रा दैनिक जीवनका धेरै व्यवहार चल्छन् । तर वास्तवमा सूर्य न त उदाउँछ न त अस्ताउँछ । यो त एक तारा हो जुन हाम्रो सौर्यमण्डलको केन्द्रमा छ । अस्ताउने र उदाउने कुरा त पृथ्वीले सूर्यको परिक्रमा गर्दा उत्पन्न हुने घटना हो ।

त्यस्तै अर्को उदाहरण हो इन्द्रेणी । इन्द्रेणीमा देखिने सात रंग वास्तवमा दिनको समयमा जतिसुकै बेला विद्यमान हुन्छन् । सूर्यको हरेक एक किरणमा सातै रंग हुन्छन् तर, हामीले देख्दैनौं । पानीको कण वा सिसाको टुक्राले ती पहिले नै विद्यमान भएका रंगहरूलाई विच्छेदन मात्र गरिदिन्छ, व्युत्पन्न होइन । यस्तो अन्तर्निहित सत्यलाई देख्ने काम वा दृष्टि हो– अष्टावक्र दृष्टि । हामीलाई लाग्न सक्छ– यस्तो अष्टावक्र दृष्टि नै किन चाहियो ? आखिर हाम्रा दैनिक जीवनमा त खासै काम गर्ने रहेनछ । झन् सूर्य होइन पृथ्वी उदाउँछ भन्ने हो भने त हाम्रा गीत, कविता, साहित्य सबै फेर्नुपर्यो । घामकै किरणमा सात रंग हुन्छ इन्द्रेणीमा हुँदैन भन्यो भने उल्टो गाली खाइएला भन्ने डर हुन्छ ।

तर, हामीले सतही सत्यलाई मात्र बुझ्यौं र त्यसको अन्तर्निहित सत्यलाई बुझेनौं भने जीवन त चल्छ तर हामी सजिलै अर्काको गोटी बन्न सक्छौं । त्यही अज्ञानताको फाइदा उठाउँदै हामी धेरैको पिछलग्गु बन्छौं । इन्द्रेणीलाई भूतले आगो बालेको भनिन्छ र हामीलाई खोल्साखोल्सीमा गएर भूतको पूजा गर्न लगाइन्छ । यस्तोमा अष्टावक्र दृष्टि निर्माण गर्न सके कुन चाहिं फेक न्यूज हो, कुन चाहिं होइन भनेर छुट्याउन पनि सजिलो पर्छ ।

कसैलाई लाग्ला यो त विज्ञानको कुरा, दैनिक जीवनमा के काम लाग्छ ? अहिलेको फेक न्यूजको दुनियाँ र गोयबल्स शैलीको राजनीतिक खिचातानीमा त झन् अष्टावक्र दृष्टि अत्यन्त महत्वपूर्ण हुन्छ । हामीलाई थाहै छ, जोसेफ गोयबल्स नाजी पार्टीको नेता थिए जसले समाजमा प्रोपोगान्डा, डर र त्रासयुक्त समाचार तयार पारेर प्रसारण गर्दै झुटमा आधारित सत्ता टिकाउन सघाउँथ्यो । 'अष्टावक्र दृष्टि' तथ्यहरुद्वारा सत्य खोज्ने प्रयास हुनेछ । नेपाली राजनीतिमा विभिन्न माध्यमबाट हुने आलोचना, विश्लेषण, सल्लाह र सुझावहरू ग्रहण गर्ने अभ्यास कमजोर छ । यहाँ त आलोचना गर्नेहरूलाई लखेट्ने र कमजोर बनाउने अभ्यास संस्कृति नै बनेको छ । आम सञ्चारमाध्यम पनि बौद्धिक विमर्श र छलफलभन्दा बुद्धिविलासको सर्कसमा रुपान्तरण भएका छन् । यसर्थ, 'सिमेन्टेड माइन्डसेट' भएका पुराना पुस्तालाई बेवास्ता गरेर नयाँ पुस्तलाई आलोचनात्मक चेतसहितको वस्तुनिष्ठ दृष्टिकोण निर्माण गर्न सघाउनुपर्छ । उनीहरूले नै कुनैदिन पुरानो पुस्तालाई यथोचित बिदाइ गर्नेछन् ।

**राजनीतिमा अष्टावक्र दृष्टि**

अष्टावक्र दृष्टि निर्माण गर्न सके सबैभन्दा धेरै फाइदा राजनीति सुधार्न हुनेछ । किनकि हाम्रो देशको राजनीतिमा जसले जे भने पनि पररं ताली पिट्ने काम हुन्छ । ताली पड्काउने हातहरूले औंला तेर्स्याएर प्रश्न गर्न सक्दैनन् । कम्युनिष्टले शासन गर्दा समाजवाद र साम्यवादको बाटोमा देश किन हिंडेन ?

कांग्रेसले शासन गर्दा बीपीको समाजवाद ल्याउन के कति काम भए ? हामी किन दलको पिछलग्गु बनिरहेका छौं ? किनकि हामीले सत्यको उत्खनन गर्न सकिरहेका छैनौं । हामी एल (आँखाको दुवै साइडमा लगाएर ठीक अगाडिको भाग मात्र देखिने, दायाँ–बायाँ नदेखिने गरिको पट्टी) लगाएका घोडाजस्ता भएका छौं । सत्यलाई कसरी चिन्ने ? यसका लागि दुइटा कसी छन्– प्रत्यक्ष प्रमाण र अनुमान प्रमाण । प्रत्यक्ष प्रमाण हाम्रो इन्द्रियगोचर प्रमाण हो । हामीले देखेर, सुनेर वा अनुभव गरेर प्राप्त प्रमाण हो । माथिकै उदाहरण लिने हो भने के साँच्चै साम्यवाद वा समाजवाद नभई देशको विकास हुँदै हुँदैन त ? हामीले देखेका छौं, ब्रिटेन, नर्वे, स्वीडेनलगायत विश्वका धेरै देशमा राजतन्त्र भएर पनि विकास भएकै छ ।

फेरि सम्यवाद वा कम्युनिज्म विचारधारा अपनाउने देश जस्तै रुस र छिमेकी देश चीनले पनि उस्तै विकास गरेका छन् । भारत र अमेरिका गणतन्त्रका हिमायती हुन्, उनीहरूले उत्तिकै विकास गरेका छन् । प्रत्यक्ष प्रमाण हेर्दा हो पनि होइन पनि जस्तो भयो । अब यस्तो अवस्था आयो भने अर्को एउटा कसी छ– त्यो हो सत्यको सार्वभौमिकता अर्थात् केही कुरा सधैं र सबैतिर लागू हुन्छन् त ? यो कसी लगाउँदा उत्तर आउँछ– हुँदैन । त्यसैले माथि भनिएका कुरा व्यावहारिक सत्य मात्र हुन्, अन्तर्निहित सत्य होइनन् । कहिलेकाहीं प्रत्यक्ष प्रमाण नभए अनुमान प्रमाण पनि लगाउन सकिन्छ । जस्तो कि जहाँ जहाँ धुवाँ हुन्छ, त्यहाँ आगो हुन्छ । भनेको अर्थ आगो नदेखेर पनि आगोको सत्य स्थापना हुन्छ यदि धुवाँ देखियो भने ।

जस्तो कि साम्यवादमा सबै बराबर हुन्छन् अर्थात् त्यहाँ कुनै वर्ग हुँदैनन् । यो वाक्य सत्य हो कि होइन भनेर कम्युनिस्ट र कांग्रेसलाई सोध्दा फरक–फरक जवाफ आउन सक्छ । अब तपाई हामी कुनै पनि विचारको चश्मा नलाएकाले के भनेर जान्ने ? किनकि यसको प्रत्यक्ष प्रमाण छैन । अहिलेसम्म वर्गविहीन समाजको निर्माण भैसकेको छैन तर मार्क्सले यो नियम डार्बिनको क्रमविकास सिद्धान्तअनुसार संश्लेषण गरे । मानिस बाँदरबाट विकास भएको भन्ने तथ्यलाई आधार मानेर उनले अनुमान प्रमाणको आधारमा यस्तो सिद्धान्तको वकालत गरे । तर अनुमान प्रमाणमा व्याप्ति सम्बन्ध अनिवार्य हुनुपर्दछ ।

व्याप्ति सम्बन्ध आगो र धुँवाको सम्बन्ध जस्तै हो । यदि कतै संसारको एक ठाउँमा पनि धुवाँ विना आगो बल्छ भने यो नियम मान्य हुँदैन । यसरी हेर्दा साम्यवादको व्याप्ति सम्बन्ध कतै बनेको देखिँदैन । त्यसैले यसलाई पनि अन्तर्निहित सत्य मान्न सकिँदैन र यो व्यावहारिक सत्य मात्र हुन आउँछ । यस्तै गहन विषयको उठान अष्टावक्र दृष्टि स्तम्भमा हुनेछ ।

**जीवनयापनमा अष्टावक्र दृष्टि**

हाम्रो जीवनको सार्थकता भनेकै महत्वपूर्ण र अर्थपूर्ण कुराहरू खोज्नु हो चाहे त्यो सम्बन्ध होस् वा सम्पत्ति । धेरै मानिसको जीवनको मुख्य समस्या आफूलाई कुन चिज महत्वपूर्ण र अर्थपूर्ण छ भनेर नबुझ्नु हो । कहिलेकाहीं महत्वपूर्ण भनेर खोजेको वस्तु अर्थपूर्ण नहुँदा जीवन खल्लो हुन्छ, जस्तो कि वैवाहिक सम्बन्ध ।

जीवनको ज्यादै नै महत्वपूर्ण ठानिएको वैवाहिक सम्बन्ध कुनै एक पक्षले अर्थ बुझेन भने महत्व हुँदाहुँदै पनि यसले ठूलै दुःख निम्त्याउँछ । त्यस्तै, धनले जीवनमा धेरै ठूलो अर्थ राख्छ यदि यसलाई सही सदुपयोग गर्न हो भने । तर, यही धन कति महत्वहीन छ भन्ने बुझ्न काठमाडौंमा तीन चारवटा घरसहित र सात पुस्तालाई पुग्ने सम्पत्ति भएका तर छोराछोरी जति विदेश भएका आमाबाबुलाई सोध्दा थाहा हुन्छ ।

त्यसैले सुखी जीवन जिउनका लागि पनि अष्टावक्र दृष्टिको निर्माण गर्ने हो भने हाम्रो समय र शक्ति जीवनमा अर्थपूर्णको साथसाथै महत्वपूर्ण कुरा खोज्नमा व्यतित हुन्छ । कतिपयलाई अहिलेको शिक्षा वा कलेजको डिग्री गधाले बोकेको श्रीखण्डको भारी जस्तै भइरहेछ । जतिसुकै महत्वपूर्ण भए पनि गधालाई त्यसको के काम । हामीलाई लाग्छ कि हाम्रा दुःख भनेको हामीसँग भौतिक वस्तुहरुको अभाव हुनु हो । राम्रो घर,गाडी, प्रेमी–प्रेमिका, आइफोन आदि आदि । बाहिर हेर्दा लाग्छ पनि त्यस्तै । सबै यिनैका पछि दौडिरहेका छन् ।

रेडियो सुन्यो– सुनकै विज्ञापन, टिभी हेर्यो– महँगो टिभीकै विज्ञापन, फेसबुक हेर्यो– हिरो हिरोइनीहरू कालो चश्मा लगाउँदै थाइल्याण्डको समुद्री किनारमा बिदा मनाइरहेका । टिकटक हेर्यो– प्रयोग गरेको १५ दिनमा मुहारै उज्यालो बनाउने क्रिमको विज्ञापन । यो हेर्दाहेर्दा थाकेर यसो बेलुकातिर घुम्न निस्क्यो– फलानो साबुनले नुहाए दिनभरि ताजै रहने भन्ने विज्ञापन । कुनै साइन बोर्ड हेर्दिनँ भन्दा पनि नहेरी नहुने ठाउँमा राखेको । अनि कसलाई रहर लाग्दैन त्यस्ता साबुनले नुहाई त्यस्तै क्रिम लगाई अनुहार चम्किलो पारेर समुद्रको किनारमा गएर विपरीत लिङ्गी साथीसँग आइफोनबाट कुरा गर्न ।

अब यी कुराहरूलाई अष्टावक्र दृष्टिबाट हेरौं । हामीलाई यी कुनै कुराको वास्तवमा आवश्यकता पर्दैन सुखी जीवन जिउनका लागि । अहिले हाम्रो दुःख भनेको उपभोग्य वस्तुहरू धेरै हुनु हो । जसले हाम्रो जीवन मात्र होइन वातावरणलाई समेत नकारात्मक असर पुर्याइरहेको छ । प्रायःजसो विज्ञापनमा देखाइएका कुरा साँचो हुँदैनन् । सेलिब्रेटीहरूले गर्ने कुनै वस्तुको विज्ञापन उनीहरू आफैंले पनि प्रयोग गर्दैनन् । यदि गरिहाले भने पनि सम्बन्धित कम्पनीले उनीहरूलाई निःशुल्क प्रदान गरेका हुन्छन् ।

फ्रान्सको प्रख्यात अत्तर कम्पनी डायर होमको विज्ञापनमा देखिने हिरो रोबर्ट प्याटिन्सनले भनेका थिए– डायर होमको विज्ञापन गरे पनि म कुनै पनि अत्तरको प्रयोग गर्दिनँ । किनकि अत्तरमा प्रयोग हुने रसायनहरू शरीरको लागि हानिकारक हुन्छन् । त्यस्तै हाम्रो शरीरको लागि साबुनको कुनै जरुरत नै पर्दैन । कोभिड वा त्यस्तै अरु रोगको लागि साबुनपानीले हात धुन आवश्यक भएतापनि छालाको लागि साबुन निकै नराम्रो मानिन्छ । यो कुनै छालाको डाक्टरलाई सोधे थाहा हुन्छ । छालामा प्राकृतिक रुपमै सेबेम भन्ने एक तैलीय पदार्थ हुन्छ जसले छालालाई नरम र फुस्रो हुनबाट जोगाउँछ । तर बजारमा पाइने साबुनले शरीरको तेल नष्ट गरिदिन्छ । त्यसैले नुहाइसकेपछि छालामा फुस्रो र सेतो खरानी देखापर्छ ।

अझै पनि हामी तिनै विज्ञापनको भर परेर विभिन्न ब्रान्डका तेल किन्न जान्छौं । फेरि ती तेलको वासनाका लागि त्यस्तै हानिकारक

(बाँकी तेश्रो पेजमा)

सिम्रौनगढको पहिलो राष्ट्रिय दैनिक
Shubham Sandesh शुभम सन्देश
National DAILY दैनिक
जि.प्र.का.दर्ता ७८/२०७५/७६

# सिरहाबाट अपहरित युवकको हत्यामा साथीहरुकै संलगनता, मागिएको थियो एक लाख फिरौती



काठमाण्डौ, २८ असोज ।
सिरहाबाट अपहरित युवाको हत्यामा आफ्नै साथीहरुको संलग्नता भेटिएको छ । सिरहाबाट अपहरण गरेर बिराटनगरमा भएको १९ वर्षका अंशु सदाको हत्यामा प्रहरीले उनकै तीनजना साथीहरुलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय, मोरङका प्रमुख एसपी शान्तिराज कोइरालाले अनलाइनखबरलाई बताए । प्रहरीका अनुसार पक्राउ पर्नेमा सिरहाका मनोज कार्की, राकेश यादव र विंसु मण्डल छन् । उनीहरुका थप एकजना साथी फरार छन् । सबै मृतकसँग चिनजान भएकै व्यक्तिहरु हुन् । प्रहरीका अनुसार उनीहरुले सदालाई २३ असोजमा मोरङ ल्याएको देखिएको छ । 'घटना भएको न्यू अप्सरा गेष्ट हाउसमा उनीहरु २४ गतेदेखि बसेको देखिन्छ', अनुसन्धानमा संलग्न एक अधिकृत भने, 'हत्यापछि पनि उनीहरुले परिवारसँग फिरौती मागिरहेको देखिएको छ ।' स्रोतका अनुसार उनीहरुले परिवारसँग एक लाख रुपैयाँ फिरौती मागेका थिए । तर परिवारको आर्थिक हैसियत त्यति रकम दिन सक्ने थिएन । बिहीबार इलाका प्रहरी कार्यालय, गोलबजार पुगेर सदाकी आमा ललिताले खोजतलासका लागि निवेदन दिएकी थिइन् । सिरहा प्रहरी प्रमुख एसपी अर्जुनप्रसाद तिम्सिनाका अनुसार निवेदन परेपछि प्राविधिक पक्षको विश्लेषण गरेर अनुसन्धान थालिएको थियो । 'त्यसक्रममा लोकेसन मोरङमा देखिएपछि समन्वय गरेर अनुसन्धान गरेका थियौं', तिम्सिनाले अनलाइनखबरसँग भने, 'आज (शुक्रबार) बिहान एक होटलमा शव भेटिएको छ ।'

मोरङ प्रहरीका एक अनुसन्धान अधिकृतका अनुसार उनीहरुले फिरौती माग गरिरहेको थाहा पाएपछि परिवारबाट १० हजार रुपैयाँ हाल्न लगाइएको थियो । त्यही रकम लिन जाँदा तीन जना पक्राउ परेका थिए । त्यसपछि उनीहरुकै बयानका आधारमा प्रहरी शव भएको स्थानसम्म पुगेको स्रोतको भनाइ छ । हालसम्म प्राप्त तथ्य अनुसार फिरौतीकै कारण हत्या भएको हुनसक्ने देखिएपनि अन्य लेनदेन विवाद पनि हुनसक्ने आशंका गरिएको छ । 'अहिले प्रारम्भिक जाँच मात्र भइरहेको छ, विस्तृत बयान लिएपछि थप कारणहरु खुल्न सक्छन्', कोइरालाले भने । प्रहरीका अनुसार मृतक र उनका साथीहरु लागूऔषध दुर्व्यसनी थिए । (साभार–अनलाइनखबर)

# वीरगञ्जमा सवारी दुर्घटना हुँदा पैदल यात्रीको मृत्यु

बीरगंज, २८ असोज ।
वीरगञ्जमा सवारी दुर्घटनामा एक पैदल यात्रीको मृत्यु भएको छ । पोखरिया नगरपालिका–१ वनकटुवा बस्ने ६० वर्षीय विगा रामको मृत्यु भएको हो । बुधबार बिहान १० बजे पर्सा वीरगञ्ज महानगरपालिका वडा न.२४ बहुअरी चोकमा लरीको ठक्करबाट रामको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रवक्ता प्रहरी नायब उपरीक्षक दिपक गिरीले जानकारी दिए । ड्राईपोर्टबाट परवानिपुर तर्फ जाँदै गरेको ना ३ ख ५७४३ नम्बरको खाली लहरीले बाटो काट्दै गरेका रामलाई ठक्कर दिई गम्भिर घाईते बनाएको थियो । प्रहरी चौकी सिर्सियाबाट खटिएको टोलीले उनलाई उपचारका तत्कालै उपचारको लागि नारायणी अस्पताल वीरगञ्ज पठाइएको थियो । उपचारको क्रममा उनको मृत्यु भएको घोषणा चिकित्सकले




गरेका थिए । वीरगञ्ज महानगरपालिका वडा नं.१९ बिन्दवासिनी बस्ने २४ बर्षीय सुजित यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ । (साभार–अनलाइनखबर)

# नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको पोखरामा उद्घाटन



पोखरा, २८ असोज ।
गण्डकी प्रदेशको राजधानी पोखरा रंगशालामा नेपाली खेलकुदको कुम्भमेला नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताको उद्घाटन भएको छ । शुक्रवार विशेष समारोहका बीच नवौं राष्ट्रिय खेलकुदको औपचारिक उद्घाटन गरिएको हो । 'एकतावद्ध देश, खेलकुदको सन्देश' भन्ने नाराको रहेको नवौंको उपराष्ट्रपति नन्दबहादुर पुनले औपचारिक उद्घाटनको घोषणा गरे । राष्ट्रपति विद्यादेवी भण्डारीले उद्घाटन गर्ने तालिका भएपनि अस्वस्थताका कारण उपराष्ट्रपति उपस्थित भएका हुन् । भव्यरुपमा भएको प्रतियोगितामा गण्डकी प्रदेशका ओलम्पियन टीकाबहादुर बोगटीले ओलम्पिक फ्लेम प्रज्वलन गरे । युवा तथा खेलकुदमन्त्री महेश्वरजंग गहतराजले झण्डात्तोलन गरेका थिए । उद्घाटन समारोहमा सहभागिता जनाउने ११ टिमले मार्चपास गरेका थिए । त्यसबाहेक झाँकी, नृत्य, गायनलगायत आतिसबाजी गरिएको थियो । कोभिड महामारी लगायत विविध कारणले ४ वर्षपछि धकेलिएको प्रतियोगिता गण्डकीमा ३९ वर्षपछि आयोजना भएको हो । यसअघि गण्डकीमा २०४० सालमा राष्ट्रिय खेलकुद आयोजना भएको थियो । नवौंको अधिकाँस खेलहरु पोखरा रंगशालामा हुनेछन् । ११ टिमका ६ हजार १ सय ५७ खेलाडीले प्रतिष्पर्धा गरिरहेका छन् । जसमा ४ सय ४ स्वर्ण पदकका लागि प्रतिष्पर्धा हुनेछ । यस पटक विभागीय टोली नेपाल पुलिस, नेपाल एपीएफ र नेपाल आर्मीसहित सात प्रदेशका सात टिम र एनआरएनए गरी ११ टिमका खेलाडीले सहभागिता जनाउँदै छन् ।–न्युज एजेन्सी नेपाल

# त्रिभुवन विमानस्थलबाट साढे १० लाख रुपैयाँसहित भारतीय नागरिक पक्राउ

काठमाण्डौ, २८ असोज । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट स्रोत नखुलेको नगद १० लाख ७० हजार रुपैयाँसहित एक भारतीय नागरिक पक्राउ परेका छन् । ५० वर्षीय मोहद् तसलिमलाई बिहीबार बिहान प्रहरीले पक्राउ गरेको हो । बुद्ध एयरको उडानद्वारा काठमाडौंबाट धनगढीतर्फ जान लागेका उनको झोला विमानस्थलको आन्तरिक उडानतर्फको ह्रयाण्ड ब्यागेज चेकिङ एरियाको एक्स–रे मेसिनमा जाँच गर्ने क्रममा स्रोत नखुलेको तथा भन्सार उद्घोष नगरेको नेपाली रुपैयाँ १ हजार दरको ८ सय १६ थान र ५ सय दरको ५ सय ८ थान गरी उक्त नगद फेला पारी पक्राउ गरेको हो । उनलाई आवश्यक अनुसन्धान एवं कारबाहीको लागि राजश्व अनुसन्धान विभाग हरिहर भवन ललितपुरमा पठाइएको छ ।

## कोल्हबी नगरपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## सुवर्ण गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## विश्रामपुर गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## फेटा गाउँपालिकाको कार्यालय, बाराद्वारा जनहितमा जारी

### डेंगीबाट बच्ने उपायहरू

- विहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाइबाट डेंगी लाग्न सक्दछ ।
- लामखुट्टेबाट बच्न पूरै शरीर ढाक्ने लुगा लगाऔं ।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं ।
- पानी राखेको भाँडालाई छोपेर राखौं ।
- दिउँसो पनि लामखुट्टे भगाउने धूप बालौं र लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं ।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल ढोकामा जाली वा सुत्ने बेलामा झुल लगाएर सुतौं ।
- अध्याँरा कुना–काप्चामा किटनाशक औषधि छर्कने गरौं ।
- कम्तिमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं ।

## व्यक्तिगत घटना दर्ता समय मै गर

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

जीतपुरसिमरा उपमहानगरपालिका
जीतपुर, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

आदर्शकोतवाल गाउँपालिका
महेन्द्र आदर्श जयनगर चिउटाहा, बारा

## व्यक्तिगत घटना दर्ता समय मै गरौं

जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरू, घटना घटेको ३५ दिनभित्र आ-आफ्नो वडा कार्यालयमा गई निःशुल्क दर्ता गराई कानूनी मान्यता प्राप्त गरौं ।

कोल्हबी नगरपालिकाको कार्यालय
कोल्हबी, बारा